<u>देहायका प्रस्तावमा देहायमा लेखिए वमोजिम गर्ने:</u>

१. प्रदेश नम्वर ७, प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ स्वीकृत गर्ने विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १/१०-०७४/११/०६ को प्रस्ताव- प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

२. प्रदेश नम्बर ७, प्रदेश सरकार (कार्यसम्पादन) नियमावली २०७४ स्वीकृत गर्ने विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. २/१-०७४/११/०६ को प्रस्ताव- प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

३. प्रदेश नम्बर ७, प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण नियमावली २०७४ स्वीकृत गर्ने विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ३/१-०७४/११/०६ को प्रस्ताव- प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

४. माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीलाई प्रदेश मन्त्रिपरिषद्को प्रवक्ता तोक्ने ।

५. भ्रष्टचार विरुद्ध शुन्य सहनशीलता अपनाउदै दण्ड र पुरस्कारको नीतिलाई अवलम्वन गर्दै सुशासन प्रवर्द्धन गर्ने ।

६. राष्ट्रिय गौरवका प्राथमिकता प्राप्त हाल सञ्चालित देहायका आयोजनाहरु यथा समयमै गुणस्तरीय तवरवाट सम्पन्न गर्न नेपाल सरकारलाई अनुरोध गर्ने र प्रदेश स्तरमा अनुगमन संयन्त्र वनाई समन्वयात्मक तवरवाट अनुगमन गर्ने ।

देहायः-

क) महाकाली लोकमार्ग आयोजना ,

ख) खुटिया फास्ट ट्र्याक लोकमार्ग आयोजना,

ग) सेती लोकमार्ग आयोजना ।

७. पर्यटनको सम्भाव्य श्रेत्रहरुको पहिचान गरी सोको संरक्षण, प्रवर्द्धन र विकासमा जोड दिने ।

८. कृषिको उत्पादन र उत्पादकत्व बढाउन माटो परीक्षण गर्ने कार्यलाई स्थानीय तह सम्म संस्थागत गर्न नेपाल सरकार तथा स्थानीय तह संग समन्वयात्मक तवरबाट कार्यक्रम अघि वढाउने ।

९. नेपालको लोकतान्त्रिकरणका लागि जनयुद्ध, जनआन्दोलन र तराई-मधेश लगायतका सबै आन्दोलनमा वीरगति प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति सम्मान एवं श्रद्धाञ्जली अर्पण गरियो ।

१०. सूचना प्रविधि र विद्युतीय सुशासनको प्रवर्धनमा जोड दिने ।